


福岡市 FUKUOKA CITY

नेपाली ver.

# थाहा नभएको कुराको परामर्श लिने

24 भाषामा सेवा प्रदान

### फुकुओका नगर विदेशी नागरिक समग्र परामर्श सेवा केन्द्र

आवास (भिसा) प्रक्रिया, रोजगारी, स्वास्थ्य सेवा, कल्याण, प्रसव, बालबालिका हुर्काउने र बालबालिकाको शिक्षा सम्बन्धी परामर्शहरू जस्ता दैनिक जीवनका विभिन्न पक्षहरू सिधै भेटेर, फोन वावेब मार्फत प्राप्त गर्ने, जानकारीहरू प्रदान गर्ने र जान सकिने सम्बन्धित संस्थाहरूको बारेमा सिफारिस गर्दछौं। विशेषज्ञद्वारा कानुनी परामर्श दिने गरेका छौ
* बुकिङ् गर्नुपर्ने।

**0120-66-1799** नि:शुल्क

20 भाषामा सेवा प्रदान

### फुकुओका शहर चिकित्सा सेवा दोभासे कल सेन्टर

अस्पताल खोज्दा वा अस्पतालमा डाक्टरसँग कुरा गर्दा, अस्पताल वा फार्मेसीबाट औषधि लिनुपर्दा तपाईंले टेलिफोन मार्फत दोभाषेको प्रयोग गर्न सक्नुहुन्छ।

चौबिसै घण्टा **092-733-5429** नि:शुल्क

23 भाषामा सेवा प्रदान

### फुकुओका शहरको प्रशासनिक प्रक्रिया बारे जानी राख्ने

दोभाषे सेन्टरमा रिसिभ हुनेछ र त्यस पश्चात् वडापालिकामा कनेक्ट हुनेछ। तपाईंको ठेगाना र तपाईंले परामर्श लिन चाहेको विषयवस्तु बताउनुहोला।

**092-753-6113**

# चिकित्सा बिमा·कर

## चिकित्सा बिमा

जापानमा बस्ने सबैले "स्वास्थ्य बीमा" आवद्ध हुन आवश्यक छ। तपाईंसँग बीमा भएमा, चिकित्सा लागत सस्तो हुनेछ तर यदि छैन भने महँगो हुनेछन्।

## कर

कर रकमलाई तपाईंहरू सबैको दैनिक जीवनयापनको लागि (शहर निर्माण कार्य वा बहुभाषामा सेवा दिने कार्य आदि गर्न) प्रयोग गर्ने गरिएको छ । कर चुक्ता सूचनापत्र आइपुगे पछि कन्भिनियन्स स्टोर वा बैङ्कबाट तिर्नुहोला । स्मार्टफोन भुक्तानी वा क्रेडिट कार्डद्वारा पनि भुक्तानी गर्न सकिन्छ ।

**कर चुक्ता सूचना** आइपुग्ने अवधि
शहर तथा प्रान्तीय कर, जुन १५ तारिख तिर
हलुका सवारी साधन कर, मे १५ तारिख तिर

**सावधानी** कर रकम नतिरेमा बसोबास योग्यता (भिसा) नवीकरण गर्दा प्रतिकूल असर पर्ने वा धनसम्पत्ति जफत हुन सक्ने सम्भावना रहन्छ ।

# फुकुओका शहरमा बसाई

### Japanese Class Map

फुकुओका शहरभित्र, स्वयंसेवी शिक्षकले पढाउने जापानी भाषा कक्षाहरु थुप्रै छन्। "Japanese Class Map" बाट नजिकको जापानी भाषा कक्षा खोजनुहोला। कृपया कोर्स लिन नहिचकिचाउनुहोस्!

### फुकुओका सिटी जापानी भाषा शिक्षा निर्देशन

फुकुओका शहरका प्राथमिक र निम्न माध्यमिक विद्यालयहरू मध्ये केहिले जापानी भाषा सिक्न आवश्यक पर्ने बालबालिकाहरूलेजापानी भाषा पढ्न सक्ने गरि कक्षाहरू सञ्चलन गरिरहेका छन्। उक्त विद्यालयमा भर्ना नभएका बालबालिकाहरूले पनि विद्यालयमा उपस्थित हुन र जापानी भाषाको शिक्षा लिन सक्छन्।

### टोल-छिमेक समितिका गतिविधिहरू

"स्थानीय समिति" भनेको नजिकको स्थानीयहरूको सङ्गठन हो । रमाइला कार्यक्रमहरू थुप्रै आयोजना हुने गरेका छन्। सहभागी भएर त्यहाँका बासिन्दाहरूसँग चिनापर्ची गरी, विपद् आदि केही अप्ठ्यारो पर्दा एक अर्कालाई सहायता दिन सकिने सम्बन्धको विकास गरौं ।

### शिक्षक कार्यक्रम

ट्यूटर (शिक्षक/Tutor) भनेको, तपाईंको दैनिक जीवनका विभिन्न समस्यामा सहयोग/मार्गदर्शन गर्ने एकजना स्वयंसेवक हो । दैनिक जीवन गर्दा गर्दै, अचानक आएका समस्याहरू वा नबुझेका कुराहरूमा तपाईंको आफ्नै भाषामा इस्टमेल गरी सहयोग गर्दछ ।

### फुकुओका सपोर्ट

"फुकुओका सपोर्ट" फुकुओका शहरद्वारा तयार गरिएको एउटा सुविधाजनक पोर्टल साइट हो। यसले तपाईंलाई उपयुक्त हुने जानकारीको बारेमा अटोमेटिक रूपमा सूचित गर्दछ र विभिन्न सेवाहरू प्रदान गर्दछ।

# फोहर फाल्ने तरिका

### फुकुओका शहरमा, फोहोर व्यवस्थापन गर्ने तरिकाको बारेमा नियमहरू छन्।

फुकुओका शहरको 3 प्रकारको फोहर फाल्ने झोला किन्नुहोस् र फोहर छुट्याएर त्यसमा हाल्नुहोस्। यो कन्भिनीयन्स स्टोर र सुपरमार्केटहरूमा बेचिन्छ।




जल्ने फोहर | नजल्ने फोहर | खाली सिसाको बोतल/प्लास्टिकको बोतल

प्रकार अनुसार फोहर फाल्ने दिन तोकिएको हुन्छ। घाम डुबे देखि रातिको १२ बजे सम्ममा फोहर फाल्नुहोला । तपाईं बस्ने ठाउँ अनुसार फोहर फाल्ने स्थान तोकिएको हुन्छ।

विस्तृत नियमहरूको लागि, कृपया पछाडि दिइएको QR कोडबाट जाँच गर्नुहोस्।

**सावधानी** आगलागीको कारण बन्नसक्ने कुनै पनि चीज नफाल्नुहोस्। बाँकी ग्यास भएको स्प्रे क्यान वा ग्यास कार्ट्रिज लिथियम-आयन ब्याट्री प्रयोग भएका उत्पादन आदि

# साइकल सम्बन्धी नियमहरू

### 1 साइकल चलाउँदा यस्तो गर्न हुँदैन

| | | |
|---|---|---|
| मादक पदार्थ सेवन गरेर चलाउन | मोबाइल फोन प्रयोग गर्न | समानान्तर रूपमा सँगसँगै कुदाउन |
| छाता ओढ्न | हेड फोन लगाएर चलाउन | दुई जना चढ्न |

### 2 आफ्नो साइकल कहाँ पार्क गर्ने

साइकल रोकेर राख्ने बेला साइकल पार्किङको प्रयोग गर्नुहोस्। साइकल पार्किङ बाहेक सडक जस्ता अन्य स्थलमा रोकेर राखिएका साइकलहरूलाई "जथाभाबी छोडिएको साइकल" मानेर त्यहाँबाट हटाइनेछ। जथाभाबी छोडिएका साइकलहरूले सहरको परिदृश्य बिगार्ने मात्र नभईकन पैदलयात्री, ह्वीलचेयर प्रयोगकर्ता आदिलाई आवतजावत गर्न बाधा पनि पुर्‍याउने भएकाले ज्यादै खतरनाक हुन्छ।

साइकल पार्किङ स्थलको नक्सा
*जापानी भाषा मात्र

### 3 जथाभाबी छोडिएको साइकल हटाउनेबारे

जथाभाबी छोडिएका साइकलहरूलाई उक्त स्थानबाट साइकल भण्डारण स्थलमा सारिनेछ। साइकलको मालिक पहिचान भएमा हामीले सम्पर्क गर्नेछौं। यदि साइकल सारिएको वा भण्डारण गरिएको एक महिनासम्म पनि दावी गरिएन भने हामीले त्यसलाई नष्ट गर्ने छौं। साथै साइकल फिर्ता गर्दा सार्ने र भण्डारण शुल्कको रूपमा 2,500 येन सङ्कलन गरिनेछ।

हटाइएका साइकलहरूको बारेमा

**सावधानी** साइकल चलाउँदा, नियमहरू पालना गर्नुभएन भने, पक्राउ पर्नसक्ने, जरिवाना हुन सक्ने वा तपाईंको साइकल नष्ट गर्न सकिन्छ।

# फुकुओका शहरको धूम्रपान नियमहरू

RULES

### फुकुओका शहरमा बाहिर धूम्रपान गर्न अनुमति नभएका केही ठाउँहरू छन् ।

हिँड्दा वा साइकल चलाउँदा धुम्रपान नगर्नुहोस्। विशेष गरी तेन्जिन / दाइम्यो क्षेत्र र हाकाता स्टेशन क्षेत्रमा सडकमा धुम्रपान गर्नु हुँदैन। बाहिर धूम्रपान गरेपछि, आफ्नो चुरोटको ठुटा भुइँमा नफ्याँकेर एशट्रे वा कन्टेनरमा फाल्नुहोस्।

# जापानीको शिष्टाचार

### आवाज (होहल्ला) को बारेमा सचेत रहनुहोस्

आफ्नो कुराकानी र संगीतको भोल्युममा ध्यान दिनुहोस् र विशेष गरी रातमा ठूलो स्वर नगरि, सानो आवाजामा बोल्नुहोस्।

### ट्राफिक अवरोध नगर्ने

सार्वजनिक क्षेत्रहरू (जस्तै फुटपाथ) मा हुँदा, अरूलाई अवरोध नपुर्याउने।

# विपद्

24 भाषामा सेवा प्रदान

### फुकुओका शहर विदेशीहरूको लागि प्रकोप सूचना सहायता केन्द्र

व्यापक रूपमा प्रकोप हुँदा फुकुओका शहर विदेशीहरूको लागि प्रकोप सूचना सहायता केन्द्र स्थापना गरिनेछ। यदि तपाईंसँग विपद् सम्बन्धी जानकारी वा शरण लिने सम्बन्धी कुनै प्रश्नहरू छन् भने कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

**092-262-1799**

### प्रकोप सम्बन्धी सबैभन्दा नयाँ जानकारी
(फुकुओका सिटी वेबसाइट)

यो पृष्ठले ठूलो विपत्तिको अवस्थामा खतरनाक क्षेत्रहरू र सुरक्षित आश्रयस्थलहरूको बारेमा नवीनतम जानकारी प्रदान गर्दछ।

### विदेशीको लागि विपद्को रोकथाम नीति पुस्तिका

जापानमा विपद् आइपर्दा के गर्ने भन्ने बारेमा जानकारी गराउँछ। विपद्हरूमा भूकम्प, भारी वर्षा, आँधीबेहरी, पहिरो, आगलागी आदि पर्दछन्। विपद् आउनु अघि यो पुस्तक पढेर तयार रहनुहोस्।

विस्तृत जानकारीको लागि QR कोड बाट जाँच गर्न सकिन्छ।

Fukuoka City Website Multilingual Portal

# फोहोर फाल्ने नियमहरू जान्नुहोस्!

## आफ्नो फोहोर फाल्ने दिनहरू लेखिराख्नु उपयोगी हुन्छ।

हामी प्रत्येक क्षेत्रमा फोहोर सङ्कलनका लागि दिन (बार) हरू जानकारी गराएका छौं।

हामी फुकुओका शहरमा फोहोर फाल्ने तरिका जानकारी गराएका छौं।

विदेशी भाषाहरूमा टेलिफोन सोधपुछ

**092-753-6113**

**सावधानी**

रिचार्जेबल ब्याट्री वा ब्याट्री चार्ज गरेर प्रयोग गरिने साना विद्युतीय उपकरणहरू फोहोरको झोलामा फाल्न सकिँदैन।

उदाहरण

- स्मार्टफोन ट्याब्लेट
- मोबाइल ब्याट्री
- वायरलेस इयरफोनहरू
- इ-सिगरेट भेप
- रोबोट भ्याकुम क्लिनर, कर्डलेस भ्याकुम क्लिनर

फाल्ने तरिका यहाँ बाट जाँच गर्न सकिन्छ।

◎इलेक्ट्रिक शेभर ◎इलेक्ट्रिक टूथब्रश ◎ह्यान्डी फ्यान ◎ह्यान्डहेल्ड गेम कन्सोल …

कम्प्युटर, टेलिभिजन, एयर कन्डिसनर, रेफ्रिजरेटर, फ्रिजर, वाशिङ मेसिन र लुगा सुकाउने मेसिनलाई नजल्ने वा अत्यन्त ठुलो फोहोरको रूपमा फाल्न सकिँदैन (यसलाई रिसाइकल गर्न आवश्यक छ)।

# जल्ने फोहोर




## हरेक हप्ता

☐·☐ बारको राति

- भान्साको फोहोर (कृपया पानी हटाउनुहोस्)
- छालाका उत्पादनहरू (फुकाल्न हुने गाह्रो धातुलाई जस्ताको तस्तै छोड्न सकिन्छ)
- विभिन्न प्रकारका प्लास्टिकहरू
- काठ र बाँसका उत्पादनहरू
- कागज
- कपडा
- रबर
- आइस प्याकहरू
- कागजबाट बनेका डाइपर

# नजल्ने फोहोर




## प्रत्येक महिनाको

☐ औं ☐ बारको राति

- एल्युमिनियम क्यान र स्टील क्यान
- छाता
- ट्युबलाइट
- स्प्रे क्यान र क्यासेट ग्यास सिलिन्डर (भित्रको वस्तुहरू सबै प्रयोग गरिसकिएको छ भने प्वाल पार्न आवश्यक पर्दैन।)
- काँचका उत्पादनहरू
- फुटेका बोतल (नफुटेका खाली सिसाको बोतल "खाली बोतल र प्लास्टिकका बोतलहरू" मा जानुपर्छ।)
- धातुका उत्पादनहरू
- साना घरायसी विद्युतीय उपकरणहरू
- माटोको भाँडा
- ड्राई सेल ब्याट्रीहरू (*इलेक्ट्रोडको भागमा मात्र टेप लगाउनुहोस्)
- माटो (बागबगैंचाको लागि)

# खाली सिसाको बोतल/प्लास्टिकको बोतल



## प्रत्येक महिनाको

☐ औं ☐ बारको राति

**Yes**

- PET चिन्ह भएका पेय पदार्थका कन्टेनर आदि
- खाना र पेय पदार्थका खाली बोतल आदि

**No**

- प्लास्टिक चिन्ह लगाइएका कन्टेनरहरू "जलाउने फोहोर"मा फाल्नुहोस्।
- कृपया फुटेका खाली बोतलहरूलाई "नजल्ने फोहर" मा फाल्नुहोस्।



# अत्यन्त ठुलो फोहोर

अत्यन्त ठूलो फोहोर भनेको एउटै तोकिएको झोलामा अटाउन नसक्ने वा गहौं हुने फर्निचर, विद्युतीय उपकरणहरू र अन्य वस्तुहरू हुन्।

अत्यन्त ठूलो फोहोर बिसर्जन केन्द्र

**092-731-1153**

खुल्ने समय: सोमबार देखि शनिबार (सार्वजनिक बिदा सहित) 9:00 देखि 17:00 सम्म